।

●●●●●●

# इतिहास

-चंकी श्रेष्ठ

एउटा
सुनसान साँझ बोकेर
उनीहरू यहाँ आएका थिए
र, मैलै असाध्यै माया गरेकै क्षण
मेरो सपनाको हत्या गरिदिएका थिए ।

मेरो सपनाको हत्या भएको आक्रोशमा
जब लेखेँ मैले एउटा विद्रोही कविता
डस्टरले ब्ल्याकबोर्डमा सेतो अक्षर पुछेझैँ
सर्सर्ती मेटिदिए उनीहरूले मेरो कविता ।

मेरो सपना र कविताको
अर्थात् मेरो आत्माकै हत्यापछि
मैले लेखेँ आफ्नै रगतले कहालीलाग्दो आफ्नो इतिहास
बदलामा मलाई काटेर
मेरै रगतले मेटिदिए उनीहरूले मेरो इतिहास पनि ।

मेटिएको मेरो इतिहासले
मायाले सुस्तरी मलाई सुम्सुम्याइरह्यो
तर, फेरि कसैले लेखेन मेटिएको मेरो इतिहासको कथा ।

# सबुद

-चंकी श्रेष्ठ

त्यतिखेरै
सत्यको हत्या भइसकेको हुन्छ
जब जोडिन्छन् सबुदहरू ।

अब मेरो प्रेम र मेरो सपनाको हत्या
मेरै नाममा अरू कसैले गरिदिन्छ

मेरो मुटु मेरो शरीरबाट
काटेर कसैले मिल्काइदिन्छ
मेरो मृत्युपत्रमा
अरू कसैले मेरै हस्ताक्षर गरिदिन्छ
तर, यी सबै अपराधका लागि अपराधीलाई कुनै सजाय हुँदैन ।

सबुदहरू जोडिएपछि
त्यसैगरी फेर्न सकिन्छ वस्तुको रूप
जसरी सेतो कागजमा भर्न सकिन्छ आवश्यकताअनुसारको रङ ।

एउटा कविसँग कविता रहँदैन
कलाकारसँग कला रहँदैन
न जोताहाको खेत रहन्छ
न देशभक्तको देश
बसन्तमा कोइलीजस्तै बसाइ सर्छन्
हाम्रा स्वामित्वका वस्तुहरू नक्कली स्वामीका पाउमा ।

तर कवि, कलाकार
जोताहा, देशभक्त
प्रहरी, पत्रकार
डाक्टर, वकिल
वादी, प्रतिवादी, न्यायाधीश सबैसबै
सत्यको मसानघाटमा उभिएर
गरिरहेका हुन्छन् सत्यको प्रतीक्षा ।

●●●●●●●●●●

## +सहरमा बत्ती निभेको एक साँझ

-चंकी श्रेष्ठ

सहरमा बत्ती निभेको एक साँझ
एक्कासि साँघुरिएका थिए काठमाडौंका चौँडा सडक
ढलिरहेका थिए
परेड खेलिरहेका सिपाहीँझैँ उभिएका अग्ला रूखहरू
लात हानेर सम्पदा क्षेत्रलाई अग्लिएका थिए पक्की भवन
तर, नतमस्तक थियो धरहरा

सहरमा बत्ती निभेको एक साँझ
रोकेर आफ्नो प्रवाह जमिरहेका थिए बागमती र विष्णुमती

देवल र सत्तलहरू उदास उदास थिए
उडिरहेको थियो त्यहाँबाट केवल गाँजाको धुवाँ
देव देवीहरू देश छाडेर मुग्लान भागिरहेका थिए
बन्दुक लागेर फड्फडाइरहेका थिए मन्दिरमा परेवाहरू
तर, सिकारीकै विरुदावलि गाइरहेका थिए धार्मिक संघ-संस्था

सहरमा बत्ती निभेको एक साँझ
बौरिएर एक्कासि शालिकबाट
वायुवेगमा पूर्वतिर कुदिरहेका थिए महाराज जुद्धशमशेर
नाचिरहेको थियो हातको जंगी तरबार जथाभावी हावामा
बहुलाएर मान्छेको पिठ्यूमाथि दौडिरहेको थियो घोडा
पर सिंहदरबारद्वारमा
पिठ्यू थाप्न महाराजलाई प्रतिस्पर्धा गरिरहेका थिए छातेहरू
जयजयकार गर्दै तिनै मान्छे अघिपछि हिँडिरहेका थिए
जो दिउँसो रत्नपार्कमा निरंकुशताविरुद्ध चर्को भाषण गरिरहेका थिए

सहरमा बत्ती निभेको एक साँझ
निर्ममतापूर्वक गरिएको थियो हत्या एउटा सर्वमान्य सत्यको
मुखभरि आलो रगत पोतेर खुलमखुला हिँडिरहेका थिए ब्वाँसाहरू
तर, मौन मौन रमिता हेरिरहेको थियो गृहमन्त्रालय
मौन मौन स्वीकृति जनाइरहेको थियो सिंहदरबार
माल्भिका सुब्बाको फिगर कस्तो छ - बहस गरिरहेका थिए विधायकहरू
तर, बन्द थियो घण्टाघरको घडी
बन्द थिए स्वयम्भूका आँखाहरू
तर, सल्लाका अग्ला रूखहरूमा उभिण्डिएर
यो राष्ट्रिय नाटकको स्वागत गरिरहेका थिए चमेराहरू
पखेटा फड्फडाएर स्वागत गरिरहेका थिए

सहरमा बत्ती निभेको एक साँझ
मैले पनि गरिदिए आफ्नै आत्माको हत्या